आज मिति २०७७/०६/०९ गते शुक्रबारका दिन सुनिलस्मृति गाउँपालिका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यू को अध्यक्षयतामा, गाउँ शिक्षा समितिका सदस्यहरुको उपस्थितिमा आ.व.२०७७/०७८ को पहिलो गाउँ शिक्षा समितिको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गुणेन्द्र घर्ती | गाउँ शिक्षा समिति अध्यक्ष | |
| २ | केशवराज पार्धे | गाउँ शिक्षा समिति सदस्य | |
| ३ | नमराज थापा | गाउँ शिक्षा समिति सदस्य | |
| ४ | आशा सुनार | गाउँ शिक्षा समिति सदस्य | |
| ५ | शान्तराम शाह | गाउँ शिक्षा समिति सदस्य | |
| ६ | समिक्षा क्षेत्री | गाउँ शिक्षा समिति सदस्य | |
| ७ | प्रतिभा सुनार | गाउँ शिक्षा समिति सदस्य | |
| ८ | टिका पुन मगर | गाउँ शिक्षा समिति सदस्य | |
| ९ | रेगम जि.सी. | गाउँ शिक्षा समिति सदस्य | |
| १० | समिक्षा बुढाथोकी | गाउँ शिक्षा समिति सदस्य | |
| ११ | यादव के.सी. | गाउँ शिक्षा समिति सदस्य सचिव | |
| | | आमन्त्रित | |
| १ | बाग्मति क्षेत्रिनी | गाउँपालिका उपाध्याक्ष | |
| २ | कोमलराज चन्द | शिक्षक महासघं अध्यक्ष | |
| ३ | नुमाकान्त कालाथोकी | अधिकृत छैठौं (प्रशासन) | |
| ४ | देवराज घर्ति मगर | प्रा.स. (शिक्षा प्रशासन) | |
| ५ | दुर्योधन महरा | सहायक चौथो | |
| ६ | मन बहादुर घर्ती | कार्यालय सहयोगी | |

## शिक्षा समिति वैठकका प्रस्तावहरु

१.विद्यालय संचालन सम्बन्धमा ।
२.गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा ।
३.१२ कक्षा थप सम्वन्धमा ।
४.कक्षा ११ को ऐ. विषय अनुमति सम्बन्धमा ।
५.विषय विज्ञ सुचिकृत सम्बन्धमा ।
६.लेखा परिक्षक सुचिकृत गर्ने सम्बन्धमा ।
७.समता रणनीती कार्यक्रम सम्बन्धमा ।
८. वडा नं. ५ को वालविकास सञ्चालन सम्बन्धमा ।
९. विविध छलफल सम्बन्धमा ।

### २०७७ असोज ९ गते बसेको गाउँ शिक्षा समिति बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | विद्यालय संचालन सम्बन्धमा | कोभिड-१९ का कारण वन्द रहेका विद्यालयहरु सञ्चालन गर्न आवश्यक देखिएको । | आ.व. २०७७/०७८ को तेश्रो गाउँकार्यपालिका बैठकबाट गाउँपालिका भित्र रहेका विद्यालयहरु जोर बिजोर प्रणालीबाट सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालयले विद्यार्थी भर्ना अभियान तथा घरदैलो कार्यक्रम सहितको उपयुक्त कार्ययोजना बनाइ पाठ्क्रम विकास केन्द्रबाट समायोजित ढाँचा अनुसार कक्षा संचालन गर्ने, सो कार्ययोजनाको प्रभावकारिता मासिकरुपमा प्रध्यानाध्यापकहरुले गाउँपालिका शिक्षा शाखामा अनिवार्य बुझाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| २ | गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा | गाउँपालिका शैक्षिक सुधारकालागि अनुदान शिक्षक व्यवस्थापन गर्न आवश्यक देखिएको । | गाउँपालिका भित्र रहेका विद्यालयहरुमा शिक्षक दरवन्दि अभावका कारण शिक्षा क्षेत्र सुधारका लागि समस्या देखिएकाले गाउँपालिकाबाट अनुदान शिक्षक व्यवस्थापन गर्नुपर्ने सोको लागि दशै, तिहार अगाडि कार्यदलले गाउँपालिमा प्रतिवेदन पेश गरिसक्नु पर्ने र प्रतिवेदन माथि छलफल तथा विज्ञहरुको राय सुझावका लागि मिति २०७७/८/१० अनुसार गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ३ | कक्षा १२ थप सम्वन्धमा | कक्षा ११ सञ्चालनका लागि अनुमति प्राप्त विद्यालयहरुलाई कक्षा १२ संचालन गर्नुपर्ने । | यस गाउँपालिका अन्तर्गत श्री त्रिपुरेश्वरी माध्यामिक विद्यालय खुंग्री र श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय अरेश रोल्पामा गत शैक्षिक शत्रमा कक्षा ११ को अनुमति प्राप्त भई सञ्चालनमा आएको हुँदा चालु शैक्षिक शत्रमा सोही विद्यालयहरुबाट कक्षा १२ सञ्चालनका लागि निवेदन प्राप्त भएको हुदाँ उक्त विद्यालयले प्रस्ताव गरेको विषयहरु पठनपाठन र कक्षा संचालनका लागि अनुमति दिनको लागि आउदो गाउँ कार्यपालिका वैठकमा सिफारिस गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | कक्षा ११ को ऐ. विषय अनुमति सम्बन्धमा | कक्षा ११ को ऐ.विषय अनुमति दिन आवश्यक देखिएको । | यस गाउँपालिका अन्तर्गत संचालित सम्पूर्ण माध्यामिक विद्यालयहरुले नयाँ पाठ्यक्रम अनुसार अध्यापन गर्नु पर्ने भएको हुँदा विद्यालयहरुले कक्षा ११ को ऐ.विषयको अनुमतिका लागि दिएको निवेदन अनुसार अनुमति दिने र गाउँपालिका शिक्षा शाखामा अनिवार्य विषय शिक्षकको प्रमाण-पत्र र नियुक्ति पत्र पेश गर्नुपर्ने तथा प्रमाण-पत्र पेश नभएमा उक्त विद्यालयको अनुमति रद्द गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ५ | विषय विज्ञ सुचिकृत सम्बन्धमा । | करारमा शिक्षक व्यवस्थापनको लागि विषय विज्ञ सुचिकृत गर्नुपर्ने । | गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्ति प्रयोजनको लागि यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुका इच्छुक स्थायी शिक्षकहरुबाट कम्तिमा ५ वर्ष सोही तहमा अस्थायी र स्थायी सेवा गरेका शिक्षकहरुबाट शिक्षा नियमावलि २०५९ संशोधन सहित नियम ९६.क. को उपनियम १ को (ग) बमोजिम योग्यता भएको शिक्षकहरुबाट निवेदन आह्वान गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ६ | लेखा परिक्षक सुचिकृत गर्ने सम्बन्धमा । | विद्यालयहरुमा लेखा परिक्षणका लागि लेखा परिक्षक छनौट गर्नुपर्ने । | मिति २०७७/६/१ गते लेखा परिक्षक सुचिकृतको लागि यस गाउँपालिकाबाट सुचना भए अनुसार ५ जना लेखा परिक्षकहरुको निवेदन पेश भएको हुदाँ ५ जना लेखा परिक्षबाट शिक्षा नियमावली २०५९ संशोधन सहित को नियम २५.(ढ१) बमोजिम विद्यालय व्यवस्थापन समितलाई कम्तिमा ३ जना लेखा परिक्षकको नियुक्तिको लागि शिक्षा शाखामा सिफारिस गर्न लगाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ७ | समता रणनीती कार्यक्रम सम्बन्धमा । | समता रणनीति कार्यक्रम लागु गर्नुपर्ने । | आ.व. २०७७/०७८ देखि यस गाउँपालिकामा समता रणनिती कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएको हुँदा सोको लागि विद्यालय र सामुदायिक सिकाइ केन्द्रलाई आफ्नो सेवा क्षेत्र भित्र शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिका तथा अपांगहरुको तथ्याङ्क संकलन गर्न विद्यालय र सामुदायिक सिकाई केन्द्रलाई जिम्मा दिई असोज मसान्तसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्न लगाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ८ | वडा नं. ५ को बालविकास सञ्चालन सम्बन्धमा । | वडा नं. ५ को बालविकास केन्द्र सञ्चालनका गर्न आवश्यक रहेको । | वडा नं. ५ मा सञ्चालित सिम्लेनि बालविकास केन्द्र र बराहथान बालविकास केन्द्रहरु समुदाय स्तरमा सञ्चालनमा रहेको र उक्त बालविकास केन्द्रहरुको निरन्तर दिनका लागि आउदो गाउँकार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ९ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, गाउँशिक्षा समिति सदस्यहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>**क)** माध्यामिक विद्यालयहरुमा वेवसाइट निर्माण सम्बन्धमा ।<br><br>**ख)** प्रध्यानाध्यापकहरुको वैठक सम्बन्धमा ।<br><br>**ग)** योजनाहरुको प्रस्तावना माग सम्बन्धमा ।<br><br>**घ)** प्रध्यानाध्यापक भत्ता सम्बन्धमा ।<br><br>**ङ)** विद्यालयहरुले इमेल सञ्चालन गर्ने सम्बन्धमा ।<br><br>**च)** समायोजित पाठ्यक्रम सम्बन्धमा । | **क)** गाउँपालिका भित्र सञ्चालित माध्यामिक विद्यालयहरुमा विद्यालयको आधिकारीक वेवसाइट सञ्चालन गर्न आवश्यक देखिएको हुँदा वेवसाइट सञ्चालनका लागि आगामि गाउँ कार्यपालिका वैठकमा सिफारिस गर्ने निर्णय गरियो ।<br><br>**ख)** गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुका प्रध्यानाध्यापकहरुसँग वैठक वस्न आवश्यक देखिन आएको हुँदा २/२ महिनाको अन्तरालको ३ गते गाउँपालिका वैठक वस्ने निर्णय गरियो ।<br><br>**ग)** शसर्त अनुदानबाट विद्यालयको लागि प्राप्त हुने पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याव सम्बन्धि अनुदानको लागि विद्यालयहरुबाट दोहोरो नपर्ने गरि प्रस्ताव माग गर्ने निर्णय गरियो ।<br><br>**घ)** गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रध्यानाध्यापकहरुको प्रध्यानाध्यापक भत्ता अप्रयाप्त भएको भन्ने प्रध्यानाध्यापकहरुबाट गुनासो हुन आएको हुँदा हाल खाइपाइ आएको भत्तामा १००% थपका लागि आगामि गाउँ कार्यपालिका वैठकमा सिफारिस गर्ने निर्णय गरियो ।<br><br>**ङ)** गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुले अनिवार्य इमेल सञ्चालन गर्नुपर्ने र गाउँपालिबाट हुने सम्पूर्ण परिपत्र जानकारीहरु सोही इमेल मार्फत पठाउने निर्णय गरियो ।<br><br>**च)** गाउँपालिका भित्रका सवै विद्यालयमा इन्टरनेट सुविधा नभएको हुँदा सवै विद्यालयहरुले गाउँपालिका शिक्षा शाखामा सम्पर्क गरि समायोजित पाठ्यक्रम उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |